# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्या – २०८१/०८२
च.नं.- 620

कोशी प्रदेश, नेपाल
मिति- २०८१/१०/१५

**बिषय- सहभागी गराईदिने सम्बन्धमा।**

**श्री सोलुदुधकुण्ड नगरपालिका, थुलुङ दुधकोशी गाउँपालिका, खुम्बु पासाङल्हामु गाउँपालिका, मात्य दुधकोशी गाउँपालिका, नेचासल्यान गाउँपालिका, माहाकुलुङ गाउँपालिका, लिखु पिके गाउँपालिका र सोताङ गाउँपालिका, सोलुखुम्बु ।**

प्रस्तुत विषयको सम्बन्धमा यस चिशंखुगढी गाउँपालिकाद्धारा आयोजना गरिएको तेस्रो अध्यक्षकप (अन्तरपालिका स्तरीय खुला पुरुष भलिवल प्रतियोगिता) संचालन गर्न लागिएको हुदाँ तहाँ नगरपालिका/ गाउँपालिकाबाट तल उल्लेखित सर्तहरुको अधिनमा रही एक स्थानीय तहबाट बढीमा एक टिम सहभागी गराइदिनु हुन अनुरोध छ।

**तपशिल:**

**खेल संचालन हुने मिति** – २०८१/११/१४ गते
**खेल संचालन हुने स्थान** – महेश्वर माध्यमिक विद्यालयको खेलमैदान चिशंखुगढी गाउँपालिका ६, भदौरे

**पुरस्कारहरु:**

| | |
|---|---|
| प्रथम पुरस्कार | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु. २,२२,२२२।-** |
| द्धितीय पुरस्कार | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु.१,५५,५५५।-** |
| तृतीय पुरस्कार | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु. १,११,१११।-** |
| **सान्त्वना पुरस्कार** | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु. ५५,५५५।-** |
| **सर्वोत्कृष्ट खेलाडी** | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु. ११,१११।-** |
| **अनुशासित खेलाडी** | **ट्रफी, मेडल र प्रमाणपत्रको साथमा नगद रु. ५,५५५।-** |
| **उत्कृष्ट( ओपन स्पाइकर, सर्भर,ब्लकर,सेटर, डिफेन्डर,लिबेरो, क्विक स्पाइकर) ट्रफी, मेडल र प्रमाणपत्रका साथमा नगद रु ५,५५५।-** | |

**सर्तहरु:**

क. खेलाडीहरु सम्बन्धित स्थानीय तहको हुनुपर्नेछ।
ख. खेलाडीहरुले खाने बस्ने व्यवस्था स्वयंले गर्नुपर्नेछ।
ग. एक स्थानीय तहबाट बढीमा एक टिम मात्र सम्बन्धित स्थानीय तहले सिफारिस गरेका खेलाडीहरुमात्र खेलमा सहभागी हुन सक्नेछन।
घ. खेल अन्तराष्ट्रिय नियमानुसार खेलाइनेछ।
ङ. खेलाडीहरुले आफ्नो नम्बर सहितको जर्सी अनिवार्य लगाउनु पर्नेछ। तर लिबेरो खेलाडीको पोशाक अलग्गै हुनुपर्नेछ।
च. सहभागी खेलाडी, कोच तथा व्यवस्थापकले नसालु पदार्थ प्रयोग गरिएको पाइएमा उक्त प्रतियोगिताबाट तुरुन्त निष्कासन गरिनेछ।
छ. खेलको क्रममा कुनै विवाद भएमा निर्णायक मण्डल र आयोजकको निर्णय अन्तिम हुनेछ।
ज. प्रत्येक टिममा १ व्यवस्थापक/कोच सहित १० जना हुनुपर्नेछ।
झ. खेलको क्रममा खेलाडी घाइते भएमा प्राथमिक उपचार बाहेक आयोजक जवाफदेही हुने छैन।
ञ. कुनै पनि खेलाडीको विषयमा द्धिविधा रहे उजुरी गर्न सकिनेछ। उजुरी पश्चात छानविन गर्दा प्रमाण जुटाउन नसके पुरै खेलाडीलाई निष्काशित गरिनेछ।
ट. खेल अवधीमा खेलमैदानमा खेलाडीले खेल विथोल्ने हेतुले झै-झगडा वा अन्य कुनै किसिमले वितण्डा मच्चाउने गतिविधि भए गरेमा सो खेल स्वत: अन्त्य गरी विपक्षी टिमलाई विजेता घोषणा गरिने छ।
ठ. सहभागी टिमहरुले गलत प्रमाणपत्र/विवरण पेश गरी टिम दर्ता गरिएको भेटिएमा उक्त टिमले प्राप्त गरेको सम्पुर्ण पुरस्कारहरु स्वत: फिर्ता जफत गरिनेछ।
ड. अन्तराष्ट्रिय स्तरको खेलमा सहभागी भएर खेल खेली सकेका खेलाडीहरुलाई टिममा सहभागी गराउन पाइनेछैन।
ढ. खेलाडीहरु खेलमा सहभागी हुँदा नेपाली नागरिकताको प्रतिलिपी र हालसालै खिचिएको फोटो र सम्बन्धित स्थानीय तहको सिफारिस लिएर आउनुपर्नेछ।
ण. टिम दर्ता अन्तिम मिति – २०८१ फाल्गुन १३ गते सम्म

२०८१/१०/१५

**निशान्ति शर्मा**